मैले तिमीहरूलाई नभनेको (अनावश्यक) कुराहरूलाई बेवास्ता गर । किनकि तिमीभन्दा अघिका राष्ट्रहरू (अनावश्यक) प्रश्न सोध्ने र आफ्ना नबीहरूसँग मतभेद गरेको कारणले नष्ट भएका थिए

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "मैले तिमीहरूलाई नभनेको (अनावश्यक) कुराहरूलाई बेवास्ता गर । किनकि तिमीभन्दा अघिका राष्ट्रहरू (अनावश्यक) प्रश्न सोध्ने र आफ्ना नबीहरूसँग मतभेद
गरेको कारणले नष्ट भएका थिए । जब म तिमीहरूलाई कुनै कुराबाट रोक्छु, त्यसबाट टाढै बस
र जब कुनै कुरा गर्न आदेश दिन्छु, सकेसम्म त्यसलाई गर ।" [सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले इस्लामिक नियमहरूका तीन किसिमहरू उल्लेख गर्नुभएको छ : जसको बारेमा शरियत मौन छ, निषेधहरू र आदेशहरू । पहिलो: जसको बारेमा शरियत मौन छ, त्यसको कुनै आदेश हुँदैन र यस्ता चीजहरूको बारेमा आधारभूत सिद्धान्त भनेको जायज र हलाल हो; नबी (सल्लल्लाहु अलैहि वसल्लम) को समयमा यस्तो कुराबारे प्रश्न गर्नबाट बच्नुपर्थ्यो, जुन घटेको थिएन। किनभने प्रश्नले कुनै चीजलाई अनिवार्य वा निषेध गर्नुपर्ने आदेश निम्त्याउन सक्थ्यो। अल्लाहले आफ्ना भक्तहरूप्रति दया देखाउँदै त्यस्ता कुरालाई खुला नै छोड्नुभएको थियो।" "तर उहाँ (सल्लल्लाहु अलैहि व सल्लम) को देहान्तपछि, यदि प्रश्न आवश्यक धार्मिक ज्ञानका लागि मार्गदर्शन वा तालिमको उद्देश्यले सोधिएको हो भने, त्यसो गर्नु अनुमति छ, बरु त्यसलाई प्रोत्साहित नै गरिएको छ। तर यदि प्रश्न अनावश्यक जिद्दी वा दिखावटी उद्देश्यले सोधिएको हो भने, यो हदीसमा प्रश्न गर्नबाट टाढा रहन भनिएको जस्तै हो। किनभने यसले बनु इस्राएल झैं अवस्थालाई जटिल बनाउन सक्छ। उनलाई गाई बली चढाउन आदेश दिइएको थियो र यदि उनीहरूले कुनै पनि गाई वध गरेका भए, आदेश पूरा हुने थियो। तर उनीहरूले जटिलता खोजे र तिनका लागि आदेश झन् कडा बनाइयो।" दोस्रो: निषेध (हराम) हरू; अर्थात ती कुराहरू, जुन परित्याग गर्दा पुण्य पाइन्छ र गर्नेलाई दण्ड दिइन्छ, त्यसैले ती सबैबाट बच्नुपर्छ । तेस्रो: आदेश; अर्थात ती कुराहरू हुन्, जुन गर्दा पुण्य पाइन्छ र नगर्दा दण्ड दिइन्छ, त्यसैले यो सकेसम्म गर्नुपर्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/4295